प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
रुकुम (पूर्व), नेपाल

फोन: ०८८-४१३११३
Website:- csirukumeast.p5.gov.np
E-mail:- csidb.rukumeast@gmail.com

प.सं.-०७७/७८ मिति :२०७७/०८/२८

च.नं.- १५६

विषय: सूचना टाँस गरिदिनुहुन ।

दर्ता नम्बर :- ६०२
दर्ता मिति :- २०७७।८।२९

श्री जिल्ला प्रशासन कार्यालय, रुकुम पूर्व।
श्री सिस्ने गाउँपालिकाको कार्यालय, रुकुम पूर्व ।
श्री भुमे गाउँपालिकाको कार्यालय, रुकुम पूर्व।
श्री पुथा उत्तरगंगा गाउँपालिकाको कार्यालय, रुकुम पूर्व।
श्री जिल्ला उद्योग वाणिज्य संघ, रुकुम पूर्व।

उपरोक्त विषयमा यस कार्यालयको अल्लो प्रशोधन गर्ने उद्योगलाई अनुदान दिने सम्बन्धी सूचना थान-१ यसै पत्र साथ संलग्न राखि पठाईएको छ। उक्त सूचना ताहाँ कार्यालयको सूचना पाटीमा टाँस सहयोग गर्नुको साथै गाउँपालिकाको सबै वडामा जानकारी गराई सहयोग गरि दिनुहुन समेत अनुरोध छ।

२०७७।८।२८

.......................
तारा प्रसाद शर्मा
(उद्योग अधिकृत)

श्री प्रशासन
सूचना टाँसगरी जानकारी पठाउने
२०७७।८।२९

फोन: ०८८-४१३११३
Website:- csirukumeast.p5.gov.np
E-mail:- csidb.rukumeast@gmail.com

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
# घरेलु तथा साना उद्योग कार्यालय
रुकुम (पूर्व), नेपाल

*प्रथम पटक सूचना प्रकाशित मितिः २०७७/०८/२८*

## अल्लो प्रशोधन गर्ने उद्योगलाई अनुदान दिने सम्बन्धी सुचना ।

यस कार्यालयको चालु आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत अल्लो प्रशोधन गर्ने नयाँ वा पुरानो उद्योग (संस्था/समिति) लाई स्वीकृत बजेट, प्राप्त प्रस्ताव र मुल्याङ्कन समितिले गरेको मूल्याङ्कनका आधारमा अनुदान दिने कार्यक्रम रहेको हुँदा सूचना प्रकाशित भएको मितिले ३० दिन (३० औं दिनमा कुनै विदा परेमा सोको अर्को दिन कार्यालय खुलेको कार्यालयको समय) भित्र तपशिलका कागजातहरु सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

- उद्योग दर्ताको प्रमाण-पत्रको प्रतिलिपि।
- स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि।
- यस आ.व. मा कर चुक्ता गरेको प्रमाण-पत्रको प्रतिलिपि।
- नागरिकता प्रमाण-पत्रको प्रतिलिपि।
- व्यवसायीक योजना वा प्रस्ताव।
- अनुभव तथा तालिमको प्रमाण-पत्रहरुको प्रतिलिपि।
- यस अगाडी नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कुनै निकायबाट अनुदान नलिएको स्वघोषणा पत्र।
- निवेदन दस्तुर वापत रु. १०० जम्मा गरेको रसिद।

द्रष्टव्यः

- निवेदनको ढाँचा यस कार्यालयले तोकेको ढाँचामा हुनु पर्नेछ।
- प्रस्ताव पेश गर्दा संस्था/समिति मार्फत पेश गर्नु पर्नेछ।
- मूल्याङ्कन गर्दा कम्तिमा ६० वा सो भन्दा बढी अंक प्राप्त गर्ने उद्योगहरुलाई मात्र छनोटमा समावेश गराईनेछ।
- नियमानुसार उद्योग दर्ता, स्थायी लेखा नम्बर एवं व्यवसायीक योजना जस्ता कागजात पेश नगर्ने उद्योगहरुलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।
- म्याद नाघी वा रितपूर्वक ढाँचामा पेश नभएका निवेदन प्रस्ताव स्वत रद्द हुनेछ।
- प्राप्त निवेदन प्रस्ताव जिल्लास्थित मूल्याङ्कन समितिद्वारा प्रचलित ऐन, नियम एवं कार्यविधिका आधारमा मूल्याङ्कन गरिन्छ। थप जानकारीका लागि यस कार्यालयको फोन नं. ०८८-४१३११३ मा सम्पर्क गर्नुहोला ।

२०७७/८/२८

तारा प्रसाद शर्मा
(उद्योग अधिकृत)
उद्योग अधिकृत

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
..................शाखा

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सं. (प्रशासन)/०७७।०७८
च.नं.: ६०३

मितिः २०७७/०८/३०

**विषयः सूचना टाँस गरि जानकारी पठाइएको सम्बन्धमा।**

**श्री घरेलु तथा साना उद्योग कार्यालय,**
**रुकुमकोट, रुकुम (पूर्व)।**

प्रस्तुत विषयमा तहाँ कार्यालयको पत्र संख्या २०७७/०७८, च.नं. १५६, मिति २०७७/०८/२८ गतेको पत्रानुसार आ.व. २०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार अल्लो प्रसोधन गर्ने नयाँ वा पुरानो उद्योग (संस्था/समिति) लाई स्वीकृत बजेट प्राप्त प्रस्ताव र मूल्याङ्कन समितिले गरेको मूल्याङ्कनका आधारमा अनुदान दिने कार्यक्रमको सूचना प्रकाशन भएको र उक्त सूचना यस कार्याललयको सूचना पार्टिमा ~~सूचना~~ टाँस गरि सो को जानकारी पठाइएको व्यहोरा अनुरोध छ।

..........................
(प्रेम प्रसाद भट्टराई)
अधिकृत छैटौं

२०७७/०८/३०

प्रेम प्रसाद भट्टराई
अधिकृत (छैटौं)